# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल जेठ महिना ८ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय पाल्पाबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा तथा हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकका शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ।

## तपशिल

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **ए.के. कन्स्ट्रक्सन**<br>प्रोप्राइटरको नाम : खुम बहादुर थापा<br>प्रा.फ.नं.घ.य.का. : ४६३१/०७२<br>दर्ता मिति : २०७२/१०/१८<br>स्थायी लेखा नं. : ६०४१४०५२६<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा<br>फर्मको ठेगाना : पाल्पा जिल्ला चिदीपानी गा.वि.स. वडा नं. १ | १. नाम : **खुम बहादुर थापा**<br>बाबुको नाम : ज्ञान बहादुर थापा<br>बाजेको नाम : प्रतिमान थापा<br>स्थायी ठेगाना : पाल्पा जिल्ला चिदीपानी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. १<br>ना.प्र.नं. : ३९१०१७/४४७<br>जारी मिति र जिल्ला : २०६७/०४/०७, पाल्पा |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| २. नाम : **ज्ञान बहादुर थापा**<br>बाबुको नाम : प्रतिमान थापा<br>बाजेको नाम : पदम सिं थापा<br>स्थायी ठेगाना : पाल्पा जिल्ला चिदीपानी गाउँ पञ्चायत वडा नं. १<br>हालको ठेगाना : पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. १<br>ना.प्र.नं. : १३१९७<br>जारी मिति र जिल्ला : २०४०/०८/०४, पाल्पा | ३. नाम : **जानकी देवी थापा (गाहा)**<br>बाबुको नाम : ज्ञान बहादुर थापा<br>पतिको नाम : टोल बहादुर थापा<br>ससुराको नाम : लाल बहादुर थापा<br>स्थायी ठेगाना : पाल्पा जिल्ला चिदीपानी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. १<br>ना.प्र.नं. : १२१५७९<br>जारी मिति र जिल्ला : २०६३/०५/१३, पाल्पा |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१. मिति २०७९/१०/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२. मिति २०८०/०२/२२ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :**

क) निम्न उल्लेखित घरजग्गा/जग्गा र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| खुम बहादुर थापा | पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ७ | १३९१ | ०-६-०-० | पुरन सिलवाल | पक्कि बाटो | पुरन सिलवाल | मेनका रास्कोटी |

ख) धनी मुक्तिनाथ विकास बैंक लि. तथा ऋणी ए.के. कन्स्ट्रक्सन कायम रहेको सवारी साधन :

| सवारी दर्ता नं. | मोडल | च्यासिस नम्बर | ईन्जिन नम्बर | बनेको साल | रङ्ग | किसिम |
|---|---|---|---|---|---|---|
| ना ७ ख ७९२२ | BHARAT BENZ -2523C 6*4 4275 DPC CHS NT NDL KW | MEC2411B BHP038527 | 400950D 0038512 | 2017 | GREY | भाडा टिपर |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०२/१४ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय पाल्पा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे  जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०२/१६ गते बुधबार दिउसो १:०० बजे भित्र यस बैकको शाखा कार्यालय पाल्पामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ